फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-१८/२०७९/८०

## धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०३**

मन्थली नगरपालिकाबाट आ.व. २०७९/८० को संघीय सशर्त तर्फको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम खाद्यान्न बालीको उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मूल्य अनुदान हुने व्यवस्था रहेकोले यस नगरपालिकाका कृषकहरुले व्यक्तिगत वा संस्थागत रुपमा आफूलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित धान बालीको जात र परिमाण खुलाई यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८०/०१/०३ गते) भित्र आवश्यक कागजातहरु र देहायको मूल्यको ५० प्रतिशत रकम सहित सम्बन्धित वडा कार्यालय, कृषि सेवा केन्द्र वा यस कार्यालयमा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ।

**धान बालीको सिफारिस जात र जातीय विवरणः**

| बीउको प्रकृति | जात | सिफारिस वर्ष (बि.सं.) | पाक्ने दिन | उत्पादन क्षमता (मे.टन/हे.) | सिफारिस क्षेत्र |
|---|---|---|---|---|---|
| मोटा/मध्यम जात (प्रति किलो बीउको मूल्य रु.५५) | मकवानपुर-१ | २०४४ | १५० | ४.३ | ढुङ्ग्रे कीराको प्रकोप भएको तराई। |
| | सावित्री | २०३६ | १४० | ४.० | तराई र भित्री मधेश। |
| | राधा-१४ | २०७३ | १३२-१३५ | ४.४ | तराई र भित्री मधेश, रिभर बेसिन र उपत्यकाको ७००मि. उचाई सम्मको सिंचित क्षेत्र। |
| | सुख्खाधान-५ | २०७१ | १२५ | ३.२-४.२ | तराई र भित्री मधेशको असिंचित खेत र मध्यपहाडको ५००मि. उचाईको टार बेसी। |
| | हर्दिनाथ-३ | २०७४ | १२५ | ५.५ | समुन्द्र सतहबाट ७००मि. उचाई सम्मका तराई, भित्री मधेश, नदि किनार, बेंसी तथा समथल फाँट |
| | हर्दिनाथ-४ | २०७८ | ११५ | ४.५-५ | समुन्द्र सतहबाट ७००मि. उचाई सम्मका क्षेत्रहरु (बारी- Upland र असिंचित क्षेत्र- Rainfed) |
| मसिनो जात (प्रति किलो बीउको मूल्य रु.६०) | सावाँ मन्सुली सव-१ | २०६८ | १४५-१५० | ३.५-४ | तराई तथा भित्री मधेश र मध्य पहाडका ५०० मी. सम्मका बेंसीका सिंचित तथा घोल क्षेत्र |
| | हर्दिनाथ सावाँ मन्सुली | २०७७ | १५२ | ४.५-४.८ | समुन्द्र सतह देखि ७००मि. उचाई सम्मको तराई, भित्री मधेश तथा नदि किनारका बेंसीहरुको सिंचित एवं आँशिक सिंचाइ सुविधा भएको क्षेत्र |
| | रामधान | २०६३ | १३०-१३७ | ४-७.२ | तराई, भित्री मधेश (शिवालिक उपत्यका, मकवानपुर, चितवन र नवलपरासी)। |
| | हर्दिनाथ-६ | २०७८ | १३५ | ५.२१ | समुन्द्र सतहबाट ७०० देखि १५०० मि. उचाई सम्मका तराई, भित्री मधेश तथा टार क्षेत्रहरु (वर्षे सिजनको लागि मात्र) |
| खुमल श्रृङ्खला, मसिनो र वासनादार एवम् उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरु (प्रति किलो बीउको मूल्य रु.९०) | खुमल-४ | २०४४ | १४४ | ६.३ | काठमाडौं उपत्यका तथा समान हावापानी भएको ३००० फिट देखि ४५०० फिटसम्म उचाईको मध्य पहाड |
| | खुमल बासमती-१६ | २०७८ | १३६ | ४.२ | समुन्द्र सतहबाट ७०० देखि १५००मि. उचाई सम्मको क्षेत्रहरु |
| | सुगन्धित धान-१ | २०७३ | १४२-१४८ | ४.५ | तराई, भित्री मधेश, रिभर वेशिन र उपत्यकाको ७०० मि. उचाई सम्मको सिंचित क्षेत्र |

**आवश्यक कागजातहरुः**

- कार्यक्रम माग गर्ने सम्बन्धी नगरपालिकाले तयार गरेको ढाँचा बमोजिमको निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र संस्थाको हकमा संस्थागत निर्णयको प्रतिलिपि।

शाखा अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मन्थली नगरपालिका, रामेछाप।

मितिः २०७९/......./.......

विषयः धान बालीको उन्नत बीउ उपलब्ध गराई दिनु हुन।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९/१२/०३ गते मन्थली नगरपालिकाद्वारा प्रकाशित धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना अनुसार ................. रोपनी जग्गाको लागि तपसिल बमोजिम धानको बीउ आवश्यक परेको हुँदा नियमानुसार ५०% अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध छ।

तपसिलः

| क्र.सं. | धानको जात | परिमाण (किलोग्राम) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| जम्मा | | |

निवेदकः

नामः ........................

ठेगानाः ......................

फर्म/समूह/सहकारीको नाम र छाप (संस्थामा संलग्न भएमा): ...................................

सम्पर्क नम्बरः ...............................